नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको
सिलबन्दी वोलपत्र आव्हानको सूचना
प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/१८
दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०१/२३

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल भवनको नया आगमन भवनको दक्षिणतर्फ तोकिएको ९९.५५ बर्गमिटर स्थानमा Restaurant संचालन गर्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्वन्धित निकायवाट सो सम्वन्धि कारोवार गर्न ईजाजत प्राप्त गरेका ईच्छुक सस्था ,फर्म वा कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही वोलपत्र फाराम पेस गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१.यो सूचना प्रकाशित भएको मितिले १५(तीस)औं दिनको कार्यालय समय भित्र राष्ट्रिय वाणिज्य वैंक, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्वर १६९०१००००००११००६ मा रु. ११,३००/– (अक्षरेपी: एघार हजार तीनसय रुपैया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice) नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, कम्तिमा विगत ३(तीन ) आर्थिक वर्ष(२०७७।०७८ देखि २०७९।०८०)सम्मको निरन्तर Restaurantव्यवसाय चलिरहेको कारोवार खुल्ने प्रमाण र सो अवधिको कर चुक्ता प्रमाण प्रत्र , प्राधिकरणलाई वुझाउनु पर्ने वाँकी वक्यौता रकम नरहेको व्यहोराको प्रमाण पत्र , मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्वरको दर्ता प्रमाणपत्र पत्रको प्रतिलिपि सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखावाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२.वोलपत्र साथ रजिस्टर्ड फर्म-कम्पनी दर्ता प्रमाण पत्र (नविकरण सहित )विगत ३ वर्ष देखि निरन्तर व्यवसाय संचालन गरेको प्रमाण सहित सम्वन्धित निकायवाट व्यवसाय सञ्चालन गर्ने अनुमति प्राप्त ईजाजत पत्र VAT/PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफुले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ ।

३.ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ । उक्त ५ (पाँच) वर्ष अवधिको न्यूनतम ठेक रकम रु.१६,८९,३८,५००/- (अक्षरेपी: सोह्र करोड उनानब्वे लाख अठ्तीस हजार पाचसय मात्र) कायम गरिएको छ ।साथै दोस्रो वर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई वाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र वैंले निर्धारण गरेको मूल्य वृद्धि सूचकाङ्क अनुसार थप गरी वहाल रकम वुझाउनुपर्नेछ ।वहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुने र सो रकम अग्रिम रुपमा किस्ता शुरुहुनु अगावै वुझाउनु पर्नेछ।

४.यस कार्यालयलाई तिर्न वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति-फर्म-संस्था वा कम्पनी र सो फर्म संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म-संस्था वा कम्पनीले सो वक्यौता फछ्यौट गरेको कागजात वोलपत्र फाराम खरिद गर्दा पेश गर्नुपर्नेछ ।

५.वोलपत्र साथ आफूले कवोल गरेको वहाल रकमको ५% ले हुने वोलपत्र जमानत रकम यस कार्यालयको रा.वा. वैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्वर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम वरावरको रकम यस कार्यालयको नाममा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकवाट जारी भएको वोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन (वोलपत्र खोल्ने मितिवाट) मान्य अवधि भएको वैंक ग्यारेन्टी (Bid Bond) वोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

६.वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि १५(तीस) दिन भित्र खरिद गरी १६ (सोह्र) औं दिनको १२:०० वजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ ।दाखिला हुन आएका वोलपत्रहरु १६(सोह्र) औं दिनको २:०० वजे सम्वन्धित वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन वोलपत्रदाताको तर्फवाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएका पनि वोलपत्र खोल्न वाधा पर्ने छैन वोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयका खरिद तथा दर्ता गरिनेछ ।

७ .दाखिला गर्ने वोलपत्रको खाम सिलवन्दी गरी खाम वाहिर कुन विषयको वोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौचरलाई सम्वोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८.वोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नवुझिने गरी भरिएको वोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

९.रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. वोलपत्रका अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलव्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्वन्धी अन्य कुरा वुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र वुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र वोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।